# यशोधरा गाउँपालिका

## १८ औं गाउँसभा

## बार्षिक बजेट नीति तथा कार्यक्रम

आ.ब. ०८३।०८४

यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

बैदौली, कपिलवस्तु

मिति २०८३ साल असार १० गते

स्वीकृत मिति : २०८३।३।१०

आ.ब. ०८३।०८४ को बजेट नीति तथा कार्यक्रम

**सभा सदस्य ज्युहरु**

यस गरिमामय सभा समक्ष यशोधरा गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को बार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महसुस गरेको छु । यस अवसरमा म नेपालको समग्र रुपान्तरणका लागि भएका राजनैतिक आन्दोलन र संघर्षको क्रममा जनताको कल्याण र उन्नतिका लागि जीवन समर्पण गर्नुहुने सबै ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता नागरिक र घाइते योद्धाप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

संघियता कार्यान्वयनका क्रममा यशोधरा गाउँपालिका स्थापना भएको झण्डै साढे आठ बर्षको कार्यकालमा यशोधरा गाउँपालिकाले कानुन निर्माण, संगठन संरचना स्थापना र जनशक्ति व्यवस्थापनतर्फ प्रभावकारी रुपमा कार्यसम्पादन गर्दै **" शिक्षा, स्वास्थ्य, कृषि र गुणस्तरीय भौतिक पूर्वाधार समृद्ध यशोधराको आधार"** को दीर्घकालीन सोच पुरा गर्न सेवा प्रवाह, विकास व्यवस्थापन र शासकीय प्रबन्धको कार्य प्रभावकारी रुपमा गर्न क्रियाशील रहेको छ ।

**सभा सदस्य ज्युहरु**

## आ.व.२०८३/०८४ को बार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमाका सैद्धान्तिक आधारहरु

१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु,
४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन ,
५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
६. संघीय र प्रदेश सरकारको आ.व. ०८३।०८४ को बजेट वक्तव्य,
७. स्थानीय तहका विभिन्न कानुनहरु,
८. आन्तरिक राजश्वको अनुमानित आय आ.ब. ०८३।०८४
९. समय समयमा व्यक्त प्रतिबद्धताहरु,

नागरिकलाई अनुभुति हुने गरी विकास र सेवाको प्रतिफल वितरण शिक्षा, स्वास्थ्य, कृषि पशु तथा अन्य परिणात्मक र गुणात्मक सुधार गरी क्रमागत आयोजना संचालन गर्ने र दृघकालिन सोच चिन्तन सहित विकासका

सबै चरणहरुमा जनताको सहभागीता सहित सन्तुलित र चौतर्फी विकासको लागि यशोधरा गाउँपालिकाको एकीकृत विकास योजनाका लागि निम्न अनुसार नीति अवलम्बन गरिने छ ।

**सभा सदस्य ज्युहरु**

अब म वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**गाउँपालिकाका प्राथमिकताहरु :**

१। सामाजिक विकास

२। आर्थिक विकास

३। भौतिक पूर्वाधार विकास

४। वन वातावरण सरक्षण तथा विपद व्यवस्थापन

५। संस्थागत विकास तथा सुशासन

**सभा सदस्य ज्युहरु**

अब म नीति तथा कार्यक्रमको उद्देश्य प्रस्तुत गर्न चाहन्छु ।

- ✓ शिक्षामा बालबालिकाहरुको पँहुच वृद्दि गरी परिमाणात्मक गुणस्तरिय शिक्षाको सुनिश्चितता गर्ने ।
- ✓ सहज तथा सर्वसुलभ रुपमा स्वास्थ्य सेवाहरु उपलब्ध गराउने ।
- ✓ व्यवसायिक कृषि तथा पशुपन्छि विकास मार्फत मात्र आर्थिक विकासमा जोड ।
- ✓ गुणस्तरिय भौतिक पूर्वाधारको विकास
- ✓ वन तथा वातावरण क्षेत्रको सरक्षण तथा विकास मार्फत जलवायु परिवर्तन असर न्युनिकरण गर्दै दिगो हरित अर्थतन्त्र विकास गर्ने ।
- ✓ सार्वजानिक सेवा प्रवाह सहज सुलभ र गुणस्तरिय बनाई सुशासनयुक्त सार्वजनिक प्रशासन निर्माण गर्ने

आय तर्फ

| क्र स | शिर्षक | अनुमानित रकम |
|---|---|---|
| 1 | आन्तरिक राजश्व | ११७००००० |
| 2 | संघिय सरकारबाट प्राप्त राजश्व बाडफाड | ११०१४६००० |
| 3 | संघिय सरकारबाट प्राप्त वित्तिय सामानिकरण | ११७६००००० |
| 4 | संघिय सरकारबाट प्राप्त शसर्त अनुदान | २०८०००००० |
| 5 | संघिय सरकारबाट प्राप्त विशेष कार्यक्रम | १६५००००० |
| 6 | संघिय सरकारबाट प्राप्त समपुरक योजना | ६३००००० |

| | | |
|---|---|---|
| 7 | प्रदेश सरकारबाट प्राप्त राजश्व बाडफाड | १२३३२००० |
| 8 | प्रदेश सरकारबाट प्राप्त वित्तिय सामानिकरण | ८२४८००० |
| 9 | प्रदेश सरकारबाट प्राप्त विशेष कार्यक्रम | २०००००० |
| 10 | प्रदेश सरकारबाट प्राप्त समपुरक योजना | ७५००००० |
| 11 | प्रदेश सरकारबाट प्राप्त शसर्त योजना | ८०००००० |
| 12 | जिल्ला समन्वय समिति | |
| 13 | आर्थिक बर्ष ०८२।८३ को अल्या | ०.०० |
| जम्मा | | ५०८३२६०००.०० |

## सामाजिक विकास सम्बन्धि नीति

१. यस गाउँपालिका भित्र स्थायी बसोबास भएका गरिब, विपन्न, जेहेन्दार, अपांग तथा दलित छात्र/छात्रा गरिबीको कारण उच्च शिक्षाबाट बन्चित हुनु पर्ने स्थितिलाई अन्तय गर्दै SEE परीक्षा उत्तिर्ण गरी विज्ञान तथा प्राविधिक शिक्षा पढनको लागि छात्रवृत्ति कोटामा सिफारिस भएका विद्यार्थीहरुलाई रु. ५००००। सम्म आर्थिक सहयोग गरिने छ । साथै व्यवसायीक र प्राविधिक शिक्षा अध्ययन गर्ने छात्र/छात्राहरुलाई प्रोत्साहन गरिने छ ।

२. **शैक्षिक गुणस्तर अभिवृद्दि तथा** शुसासनका न्युनतम मापदण्डहरु तर्जुमा गरी कार्यान्वन गर्ने ।

३. एस इ इ नतिजा सुधार गर्नको लागि पालिकाले प्रमुख लक्ष्य लिइएको छ ।

४. गाउँपालिका भित्रका कक्षा ८ को परिक्षालाई व्यवस्थित तथा मर्यादित बनाउन पालिका स्तरीय परीक्षा समिति गठन गर्ने र उक्त परीक्षा संचालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मा परीक्षा समितिलाई दिने । साथै कक्षा ५ सम्मको मूल्याकन प्रक्रिया संघीय मापदण्ड अनुसार गर्ने नीति लिइनेको छ ।

५. खेलकुदको माध्यमबाट युवाहरुलाई आत्म सम्मान बढाउन विभिन्न तहका कप प्रतियोगिता संचालन गरी राष्ट्रिय गौरव बढाउने नीति लिइएको छ।

६. सबै तहको शिक्षामा छात्र/छात्राहरुको पहुँचमा वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

७. जनतालाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

८. गर्भवाती तथा प्रसुति सेवालाई थप प्रभावकारी बनाउने ।

९. १५ शैयाको निर्मणाधीन अस्पताल आगामी आर्थिक बर्ष भित्र सम्पन्न गरी सो भवनमा अस्पताल संचालन गरिने छ ।

१०. ७० बर्ष माथीका जेष्ठ नागरिकहरुलाई प्राथमिक स्वास्थ्य परीक्षण घर दैलोमा गर्ने नीति लिइएको छ ।

११. यशोधरा गाउँपालिका भित्र बसोबास गर्ने सम्पुर्ण गर्भवती एव क र ख वर्गको अपागंता भएको ब्यक्ति र जेष्ठ नागरिक (७० बर्ष माथि ) लाई नजिकको स्वास्थ्य संस्था सम्म पुर्याउन नि: शुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

१२. यशोधरा ४ अम्लोनहा नागरिक आरोग्य सेवाकेन्द्रलाई थप व्यवस्थित गरी सेवालाई चुस्त/दुरुस्त बनाइने छ ।

१३. स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि संघिय सरकार, प्रदेश सरकार तथा अन्य सार्वजनिक गैरसरकारी संस्था सँग सहकार्य र समन्वय गरिने छ ।

१४. गाउँपालिका भित्र गठित आमा समुहहरुको स्वास्थ्य स्वयंसेविका मार्फत अनिवार्य मासिक बैठक संचालन गर्ने छ ।

१५. एक घर एक चर्पी कार्यक्रम संचालन गरी स्वच्छ यशोधरा खुसी जनता कार्यक्रम संचालन गरिनेछ ।

१६. जेष्ठ नागरिक संग गाउँपालिका अध्यक्ष कार्यक्रम संचालन गरि जेष्ठ नागरिकहरुको घर दैलो मा स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

१७. मोतिया बिन्दु बिरामीको लागि नि:शुल्क सल्यक्रिया सहितको आँखा शिविर संचालन गरिनेछ ।

१८. ग्रामिण अल्ट्रासाउण्ड सेवालाई थप प्रभावकारी बनाई सम्पुर्ण गर्भवती महिलाहरुलाई नि ः शुल्क अल्ट्रासाउण्ड सेवा प्रदान गरिनेछ ।

१९. यशोधरा गाउँपालिकामा स्थायी बसोबास भएका सबै नागरिकाहरुलाई स्वास्थ्य सेवा पुग्ने गरी ५०% छुट सहित स्वास्थ्य बीमामा आवद्ध गराइने छ ।

२०. महिला शसक्तिकरण सम्बन्धि विभिन्न गतिविधि संचालन गरी महिलाहरुको क्षमता अभिवृद्धि गर्ने ।

२१. जेष्ठ नागरिकलाई समाजमा सम्मानित जिवन यापन गर्न सामाजिक सुरक्षा सहित संरक्षण गर्ने ।

२२. फर्क क्षमता भएका नागरिकहरुको सम्मान र मर्यादित जिवन यापनका लागि विभेदरहित समाजको सुनिश्चताका लागि वातारण सृजना गर्ने ।

२३. सबै नागरिकको उपस्थिति र अर्थ पूर्ण सहभागीतामा समावेशि विकास गर्ने ।

२४. जातिय विभेदको न्यूनिकरण गरी सभ्य समाजको निर्माण गर्ने ।

२५. आर्थिक सामाजिक तथा राजनितिक क्षेत्रका सबै कृयाकलापहरु समता मुलक पहुचको सुनिश्चता हुने गरी वातारण तयार गर्ने ।

२६. बाल अधिकार सुनिश्चता भएको बालमैत्रि समाजको सृजना गर्ने ।

२७. बाल अधिकारको पूर्णरुपमा अनुभुति हुने गरी बालविकास सम्बन्धि कृयाकलापहरु संचालन गर्ने ।

२८. युवाहरुको सर्वागिण विकास र राष्ट्र निर्माणको प्रमुख आधार उद्यम सिलता ज्ञान सीपको अधिकत्तम उपयोग गरी थप रोजगारी सृजना तथा वातावरण तयार गर्ने ।

२९. युवाहरुको क्षमता विकास गरी स्वरोजगारी बनाउने ।

३०. खेलकुदको माध्यमबाट सृजनशिल खेलाडी उत्पादन गरी खेलकुद विकासमा टेवा पुर्याउने ।
३१. भाषा संस्कृति एवं एतिहासिक सम्पदाको पहिचान गरी संक्षरण तथा समवर्द्धन गर्ने ।
३२. स्वच्छ र स्वास्थ्य खानेपानीको माध्यमबाट जनस्वास्थ्यमा सुधार गर्ने ।
३३. आधारभूत स्तरको खानेपानी तथा सरसफाइमा सबैको पहुच सुनिश्चित गर्ने ।
३४. अपाङ्गमैत्रि सार्वजनिक संरचना निर्माण गरि सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सिर्जना गर्ने ।
३५. स्थानीय स्तरमा रहेको लोकपराम्परा, संस्कृति संरक्षरण गरिने छ ।

## आर्थिक विकास नीति

**३६.** भूमिहिन दलित ,भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई संघीय सरकारको नीति अनुसार जग्गा नापजाँच सुरु गरी लालपूर्जा वितरण योजनालाई द्रुत रुप दिने ।
**३७.** गाउँपालिका भित्र रहेका छाडा पशुहरुको दिर्घकालिन रुपमा व्यवस्थित गरिने छ ।
**३८.** व्यवसायिकरणको माध्यमबाट खाध उत्पादन र उत्पादकत्व वृद्दि गर्ने ।
३९. कृषि उत्पादनमा आत्म निर्भर हुदै आयात प्रतिस्थापन र निर्यात वृद्दि गर्ने ।
४०. पशुपालन व्यवसायमा प्रतिस्पर्धी क्षमताको विकास गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्दि गर्दै निर्यात प्रर्वद्दन गर्ने ।
४१. पशुपालन व्यवसायमा निजी तथा सार्वजानिक क्षेत्रको लगानी अभिवृद्दि गरी उत्पादन विविधिकरण र विशिष्टिकृत गर्ने ।
४२. स्थानीय कच्चा प्रदार्थ साधन स्रोत र सिपको सदुपयोग गर्दै पर्यटन कृषि वन्यजन तथा खनिजमा आधारीत उधोग सन्चालन र प्रर्वद्दन गरी रोजगारी तथा आय आर्जनमा वृद्दि गर्ने ।
४३. मापदण्ड बमोजिम वनजन्य नदि पोखरी र खनिजजन्य वस्तुहरुको उत्पादन गरी निर्यात पर्वद्दन गर्ने ।
४४. पालिकालाई आन्तरिक तथा बाह्यय पर्यटकको आर्कषक गन्तव्य स्थल बनाउने ।
४५. गाउँपालिका भित्रका विभिन्न धार्मिक एतिहासिक स्थलमा पर्यटकिय विधाहरुलाई एकीकृत रुपमा विकास र प्रवर्द्धन गरी लाभ लिने ।
४६. सूचिकृत बेरोजगार श्रमिकहरुलाई स्थानिय आवश्यकता र उनीहरुको रोजाइ अनुसारका प्राविधिक सिप तथा तालिमको व्यवस्था गर्न व्यवसायीक तथा प्राविधिक तालिमका लागि CTEVT तथा नीजि क्षेत्रका एवं सीप मुलक तालिम प्रदाय निकायमा पनि आवश्यक समन्वय गरिने छ ।
४७. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझै प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा यस पालिकाको लागत साझेदारी कायम गरिनेछ ।
४८. वैदेशिक रोजगारिमा जानेहरुको लागि पुन: श्रमस्वीकृतीको सहजीकरणलाई अझै छिटो छरितो गर्नुका साथै वडातहमा डिजिटल सेवा मार्फत समेत सेवा प्रदान गरिने छ ।

४९. यशोधरा गाउँपालिकाको अभियान श्रमको सम्मान कार्यक्रम सबै वडामा व्यापक रुपमा संचालन गरिने छ ।

५०. SAMI परियोजना संचालन गर्न यस पालिकाबाट लागत साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।

५१. नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट संचालित प्रधानमन्त्रि रोजगार कार्यक्रमलाई निरन्तरता दिइने र उक्त कार्यक्रममा रहेका र रहने कर्मचारीको पारिश्रमिकको व्यवस्था गाउँपालिकाले मिलाइ अझै प्रभावकारी रुपमा अगाडी बढाइने नीति लिइएको छ ।

श्रम सम्बन्धमा रहेका र श्रमको ज्यालादारीमा रहेका विभेदपूर्ण व्यवस्थाको अन्त्य गर्न संघीय सरकारले आत्मसाथ गरेका नीतीगत व्यवस्थालाई कार्यान्वयनमा लैजाने ।

## पूर्वाधार तथा भौतिक संरचना सम्बन्धि नीति

५३. गुणस्तरीय सडक संजालको विकास तथा विस्तारबाट आर्थिक सामाजिक विकासमा टेवा पुर्याउने ।

५४. सामाजिक तथा आर्थिक विकासका लागि सडक संजालको विकास गर्ने।

५५. सुचना तथा संचार प्रविधिलाई सुरक्षित भरपर्दो र आकर्षण क्षेत्रको रुपमा विकास गर्ने ।

५६. सुरक्षित किफायति कम लागत वातावरण मैत्री र प्रविधियुक्त आवास निर्माण गर्ने ।

५७. भवनको मापदण्ड स्वीकृत गरी सुरक्षित आवास योजना बनाई कार्यान्वयन गर्ने ।

५८. दिगो सिचाई व्यवस्थापन मार्फत सिँचाईको विस्तार गरी उत्पादनमा वृद्दि गरी आयस्तरमा वृद्दि गर्ने ।

५९. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य संघ-संस्थाहरुबाट डिजिटल माध्यमबाट प्रवाह हुने सेवामा समुदायको पहुच वृद्धि हुने उद्देश्यले प्रत्येक वडामा समुदायमा आधारित डिजिटल सेवा केन्द्रलाइ वडा कार्यालयको हेल्प डेस्कको रुपमा संचालन गरिने छ ।

६०. सार्वजनिक सेवालाई अझै प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाको कार्यालय, अन्तरगत वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरुमा Biomatrix E-Attendance आनिवार्य रुपमा लागु गर्ने नीति लिइएको छ ।

६१. गाउँपालिका तथा अन्तरगत निकायहरुको प्रत्यक्ष निगरानि तथा निरिक्षण गर्न गाउँपालिकाको कार्यालयमा Surveillance System को व्यवस्था गरिने छ ।

६२. गाउँपालिका अन्तरगत स्वास्थ्य संस्था, विद्यालय, वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सूचना प्रविधिको अधिक्तम प्रयोगको व्यवस्था मिलाइने छ ।

६३. गाउँपालिकाको कार्यक्रम तथा सूचनाहरु सम्पूर्ण जनतामा पुर्याउन र पारदर्शिता कायम गर्न संचार माध्यमहरु एफ.एम. पत्रपत्रिका तथा सामुदायिक अनलाइन न्यूजहरु संग सहकार्य गरि कार्यन्वयनमा ल्याइनेछ।

६४. गाउँपालिकामा डिजिटल साक्षरता कार्यक्रम संचालनलाइ निरन्तरता दिइने छ

## वन तथा वातावरण संरक्षण तथा विपद व्यवस्थापन नीति

६५. सार्वजानिक खाली जग्गामा वृक्षारोपण गरी स्वच्छ वातावरणमा टेवा पुर्याउने ।

६६. स्वास्थ्य र सुरक्षित वातावरणमा बाच्न पाउने अधिकारको सुनिश्चित गर्ने ।

६७. वातावरण संरक्षण मापदण्ड बमेजिम प्रदुषण न्युनिकरणका लागि योजना बनाइ कार्यान्वयन गर्ने ।

६८. दिगोरुपमा फोहोरमैला व्यवस्थापन गर्न कार्यक्रम संचालन गर्ने ।

६९. जैविक विविधताको संरक्षण गर्न वातावरण सन्तुलन कायम गर्ने ।

७०. वातावरण मैत्री जलाधार क्षेत्र संरक्षण गरी कार्यान्वयनमा ल्याइने छ ।

७१. जलवायु परिवर्तनमा अनुकुलता प्रर्वधन गरी वातावरण मैत्रि पालिका बनाउने ।

७२. विपद पूर्व तयारी पूर्व कार्य सामाजिक समावेशिकरण र उत्तरदायि सामाजिक सुरक्षा सम्बन्धि कार्यक्रम संचालन गर्ने ।

७३. विपद जोखिम तथा क्षति न्युनिकरण गर्ने गरी कार्यक्रम संचालन गरिने छ ।

## संस्थागत विकास र सुशासन

७४. प्रभावकारी सेवा प्रवाहको लागि आवश्यक कानून तर्जुमा गरी जनशक्ति विकास तथा भष्ट्राचार नियन्त्रणमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

७५. आवश्यकता अनुसार नीति कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।

७६. उत्प्रेरित जनशक्तिको व्यवस्थापन सहित कर्मचारीहरुको कार्यसम्पादनलाई सेवा प्रवाहसँग आवद्ध गर्न समृद्दि मैत्री शासन पद्दति  टेवा पुर्याउन आवश्यक भवन ,फर्निचर ,सवारी साधन प्रविधि र यान्त्रिक उपकरणको व्यवस्था गर्ने ।

७७. सेवा प्रवाहलाई पारदर्शि मितव्ययि गुणस्तरीय बनाई भष्ट्राचारको सवालमा सुन्य सहनशिलताको नीति अवलम्बन गर्दै जनउत्तरदायी सरकारको प्रत्याभुति हुने नीति लिईएको छ ।

७८. वित्तिय सुद्दढिकरण तथा पारदर्शितामा जोड दिने न्यायिक कार्य सम्पादनका लागि संस्थागत सुद्दढिकरण र क्षमता विकासमा जोड दिने नीति लिएको छ ।

७९. सूचना प्रविधिकों विकास र पँहुचको लागि संस्थागत व्यवस्था गरी आर्थिक सामाजिक विकासको क्षेत्रमा व्यापक प्रयोग गर्ने ।

८०. गाँउपालिकामा शान्ति तथा सुव्यवस्था कायम गरी विधिको शासनबाट कार्य संचालन गर्ने ।

८१. अनुगमन तथा मुल्याङकन पद्दतिलाई नतिजामा आधारित गराई  प्रयाप्त सुझावहरुलाई पृष्ठपोषणको रुपमा लिई कार्य गर्ने ।

८२. तथ्याङक संकलन प्रशोधन भण्डारण व्यवस्थापन सम्बन्धि कार्यलाई व्यवस्थित तथा परिणाममुखि बनाउने ।

८३. गै.स.स तथा विभिन्न सामुदायिक संस्थाहरुलाई जिम्मेवार तथा उत्तरदायि बनाई सामाजिक तथा आर्थिक क्षेत्रमा परिचालन गर्ने

८४. यस पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई आगामि आर्थिक वर्ष देखि सामाजिक सुरक्षाकोषमा आवद्द गर्ने नीति लिईएको छ ।

८५. गाँउपालिकाको सम्पूर्ण कार्य सम्पादनलाई नतिजामुखि बनाउन त्रैमासिक रुपमा प्रगति प्रतिवेदन सहितको समिक्षा गोष्ठि अनिवार्य रुपमा गराउने नीति लिएको छ ।

८६. गाउँपालिका भित्र भवन संरचना निर्माणमा नक्सा पास पश्यात मात्र सरंचना निर्माण गर्नु पर्ने व्यवस्था गरिने छ ।

८७. यस गाँउपालिका अन्तर्गत भएका प्राकृतिक स्रोतहरुको समुचित व्यवस्थापन गरी राजस्व परीचालनमा वृद्दि गरिने छ ।

८८. आ व २०८३।०८४ देखि अनिवार्य रुपमा सम्पत्ति कर लागु हुने व्यवस्था मिलाईने छ ।

८९. यस गाउँपालिका अन्तर्गत भएका पसल व्यवसाय संस्था सेवा बजार लगायत आन्तरिक राजस्व संकलन हुने ठाउको नियमित अनुगमन हुने व्यवस्था गर्ने छ ।

९०. वित्तिय अनुशासन पारदर्शिता र जवाफदेहितालाई सशक्त बनाउन वित्तिय जोखिम न्युनिकरण गर्न सेवा प्रवाहलाई छिटो छरितो एवम पारदर्शि बनाउन डिजिटल नागरिक वडापत्र वडा कार्यालयमा विस्तार गर्ने छ ।

९१. एन, कानून, कार्यविधि, नियमावलि तथा निर्देशिका पूर्णरुपमा लागु हुने गरी बनाउनको लागि सो सँग सम्बन्धित विशेषज्ञ बाट अध्ययन अनुसन्धान परामर्श गर्न आवश्यक बजेट विनियोजन गरी कार्यान्वयनमा लैजाने नीति लिएको छ ।

## न्यायिक सम्बन्धि नीति

९२. सबै विवादहरु न्यायीक समितिमा दर्ता भइ मेलमिलापका लागि सम्बन्धित वडाको मेलमिलाप केन्द्रमा पठाइ विवादमाथी आवश्यक प्रकृया अनुसार मिलापत्र गराइने छ ।

९३. सबै वडामा रहेका सुचिकृत मेलमिलाप कर्ताहरु, सामाजिक अभियानता, वुद्धिजिवि तथा भद्रभलादमि मानिसहरुलाई न्यायिक कार्य बारे पुर्नताजगि तालिमको व्यवस्था मिलाइने छ ।

९४. न्यायिक समितिमा परेको उजुरीहरुको प्रकृति अनुसार म्याद भित्र निरुपण गरिने छ ।

९५. वडा मेलमिलाप केन्द्रमा रहेका संयोजक र सुचिकृत मेलमिलाप कर्ताहरुलाइ सेवा सुविधाको व्यवस्था तथा न्यायिक कार्यलाई अझै प्रभावकारी बनाउन मेलमिलाप केन्द्रको व्यवस्थापन गरी न्याय सम्पादन प्रक्रिया अगाडी बढाईने छ ।

## मर्यादा पालन सम्बन्धि नीति

१६।गाउँ सभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादा पालन सम्बन्धी विविध विषयहरुलाई पालनामा जोड दिइने छ ।

१७. जन निर्वाचित पदाधिकारीहरु तथा कर्मचारीहरुको लागि बनाइएको आचारसंहिता अनुशासन समिति गठन गरी अनिवार्य रुपमा लागु गरिने छ ।